
# इन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाको
# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति





२०७९

Scanned with OKEN Scanner

**इन्द्रावती**

**गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,**
**सिन्धुपाल्चोक**

## विषय सूची


१. पृष्ठभूमि ....................................................३
  १.१. गाउँपालिकाको संक्षिप्त परिचय ....................................४
२. अवस्था विश्लेषण ....................................................५
  २.१. SWOT विश्लेषण ....................................................५
  २.२. सरोकारवाला पहिचान ....................................................८
  २.३. लक्षित वर्ग पहिचान ....................................................८
३. दीर्घकालीन सोच (Vission) ....................................................९
४. ध्येय (Mission) ....................................................९
५. लक्ष (Goal) ....................................................९
६. उद्देश्य (Objective) ....................................................९
७. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy) ....................९
८. लैससास रणनीति (GESI Strategy) ....................................................१०
  ८.१. मूलप्रवाहिकरण....................................................११
  ८.२. समावेशीकरण ....................................................११
  ८.३. स्थानीयकरण ....................................................११
  ८.४. सशक्तिकरण ....................................................११
  ८.५. सचेतीकरण ....................................................१२
  ८.६. संस्थागत संरचना ....................................................१२
  ८.७. समन्वय ....................................................१२
  ८.८. सहकार्य ....................................................१२
  ८.९. सहजीकरण ....................................................१३
  ८.१०. सामाजिक सुरक्षा ....................................................१३
  ८.११. अनुगमन तथा मूल्याङ्कन ....................................................१३
९. रणनैतिक कृयाकलापहरु : ....................................................१४-२५
१०. वित्त व्यवस्थापन ....................................................२६
११. कानूनी व्यवस्थापन ....................................................२६
१२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व ....................................२६
१३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था ....................................२६
१४. सम्भाव्य जोखीम र न्यूनीकरणका उपायहरु ....................................२७
  १४.१. सम्भाव्य जोखीमहरु ....................................................२७
  १४.२. जोखीम न्यूनीकरणका उपायहरु ....................................................२७
१५. निष्कर्ष ....................................................२८


Scanned with OKEN Scanner

## इन्द्रावती गाउँपालिका कार्यपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति

### १. पृष्ठभूमि :

हाम्रो संविधानको प्रस्तावनामा लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गर्ने तथा आर्थिक समानता, सम्वृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानको भाग ३ मा उल्लेखित मौलिक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा २९ मा शोषण विरुद्धको हक, धारा ३८ मा महिलाको हक अन्तर्गत समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ ।

त्यसैगरी धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ म ज्येष्ठ नागरीकको हक, धारा ४२ मा सामाजिक न्यायको हकको व्यवस्था गरेको छ । नेपालको संविधान बमोजिम जारी गरीएका राष्ट्रिय लैङ्गिक समानता नीति २०७७, सामाजिक समावेशीकरण नीति २०७८ नमूना, लैङ्गिक समानता तथा सामाजिक समावेशिता, स्थानीयकरण रणनीति २०७५, बालबालिका सम्बन्धी ऐन २०७५, मुलुकी देवानी (संहिता) २०७४ र मुलुकी अपराध (संहिता) २०७४, लगायत राष्ट्रिय नीति तथा कानूनहरुले लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरुको व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को प्रस्तावनामा नै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी व्यवस्था गरेको छ । ऐनको दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रकृयासँग अनुकूल हुनेगरी सूशासन, वातावरणमैत्री, वालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्नेछ भन्ने व्यवस्था गरेको छ ।

उक्त ऐनमा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य तथा अधिकारमा लैससास सम्बन्धी व्यवस्था गरेको छ भने वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्डीकृत तथ्याङ्क सङ्कलन, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि व्यवस्था गरीएको छ । स्थानीय तहको योजना तर्जुमा प्रकृयामा महिला तथा पीछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउँदा महिला, बालबालिका तथा पीछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिँदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ ।

यसै सन्दर्भमा स्थानीय तहद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउँन, संवैधानिक एवं कानूनी उत्तरदायित्व तथा जिम्मेवारी पूरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रवर्द्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न इन्द्रावती गाउँपालिकाबाट यो **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति** तयार गरीएको हो ।

Scanned with OKEN Scanner

### इन्द्रावती गाउँपालिकाको संक्षिप्त परिचय

ईन्द्रावती गाउँपालिका, ईन्द्रावती नदि किनारमा अवस्थीत रहेको छ । प्राचिन कालमा भगवान इन्द्रको मनोरम स्थनलको रुपमा ईन्द्रावती नदी रहको किवदन्ती बमोजिम, ईन्द्रावती नदीको नामबाट नै यस गाउँपालिकाको नाम रहन गएको पाइन्छ । तराइको हावापानी संग मिल्दोजुल्दो ईन्द्रावती नदीकिनारको भिमटार फाँट देखी उच्च पहाडी सिम्पालकाभ्रे सम्म फैलिएको यस गाउँपालिकामा भौगोलिक, सामाजिक, साँस्कृतिक, धार्मिक विविधताले भरिपूर्ण रहेको छ । नेपाल सरकारको मिति २०७३।११।२७ गतेको निर्णयानुसार साविकका सात वटा गा.वि.सहरु सिम्पालकाभ्रे, कुन्चोक, नवलपुर, वाडेगाउँ, सिपापोखरे, भोटसिपा र भिमटार मिलाएर यस गाउँपालिका गठन गरिएको हो ।

ईन्द्रावती गाउँपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार वागमती प्रदेशमा पर्दछ । ईन्द्रावती गाउँपालिका भौगोलिक हिसाबले ८५°३४'३५" देखि ८५°४१'३४" र पूर्व देशान्तरसम्म २७°४२'१९" देखि २७°५२'०३"उत्तरी अक्षांश सम्म फैलिएर ईन्द्रावती नदीको काखमा प्राकृतिक मनोरम संरचना सहित उच्च पहाडी क्षेत्रमा अवस्थित छ । १०५.११ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस ईन्द्रावती गाउँपालिकाको उत्तरमा पाँचपोखरी थाङपाल र जुगल गाउँपालिका पश्चिमतर्फ मेलम्ची नगरपालिका, दक्षिणमा काभ्रेपलान्चोक जिल्ला र पूर्वमा चौतारा साँगाचोकगढी नगरपालिका र जुगल गाउँपालिका रहेका छन् ।

नेपाल सरकारको निर्णय अनुसार मिति २०७३/११/२२ गते साविकका गाविसहरु क्रमश: सिम्पालकाभ्रे, कुन्चोक, नवलपुर, वाँडेगाउँ, सिपापोखरे, भोटसिपा र भिमटार समेटेर इन्द्रावती गाउँपालिका घोषणा गरिएको थियो । यस गाउँपालिकामा १२ वडाहरु रहेका छन् । राष्ट्रिय जनगणना, **२०६८ अनुसार इन्द्रावती** गाउँपालिकाको जनसंख्या २८,५१७ रहेको छ जस मध्ये पुरुष ४६.९१ प्रतिशत (१३,३७६ जना) र महिला ५३.०९ प्रतिशत (१५,१४१ जना) रहेको यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा वढी तामाङ्ग जाति ७४१४ जना (२६ प्रतिशत), दोस्रोमा व्राम्हण (पहाडी)४२८३ जना (१५.०२ प्रतिशत) र तेस्रोमा क्षेत्री ४१८४ ( १४.६७ प्रतिशत) हरुको बसोबास रहेको छ । शैक्षिक हिसाबमा यस गाउँपालिकामा सामुदायिक १२ वटा मा.वि, ३९ वटा आधारभूत, र ८ वटा सामुदायिक बालविकास केन्द्र गरी जम्मा ५९ वटा शिक्षण संस्थाहरु संचालित छन् ।

यस गाउँपालिकामा औषत पारिवारीक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय वासिन्दाको आम्दानीको अन्य श्रोतहरुमा व्यापार व्यवसाय, पशुपालन, साना उद्योग, सेवा, नोकरी हुन् । यसको साथै विकल्पमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका वासिन्दा क्रमश: आधुनिक कृषि प्रणाली र जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । यस गाउँपालिकामा आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था रहेका छन् । प्राविधिक शिक्षा र माथिल्लो तह अध्ययनका लागि यस गाउँपालिकाका स्थानीय विद्यार्थीहरु अन्य छिमेकी नगरपालिका तथा जिल्लामा जाने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागारिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयन तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व जस्तै नयाँ वर्ष, लोसार, उधौली, उभौली, साउने सक्रान्ति, कृष्णजन्माष्टमी, तीज, दशै, तिहार, माघे सक्रान्ति, चैते दशै आदि मनाउने गरिन्छ ।

Scanned with OKEN Scanner

२. **अवस्था विश्लेषण :**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि पहिलोचरण भनेको नै वर्तमान अवस्थाको विश्लेषण हो । हालको अवस्था विश्लेषणका लागि मूख्य हिसावले ३ वटा क्षेत्र निर्धारण गरीएको छ । जसको विवरण निम्नानुसार प्रस्तुत गरीएको छ ।

२.१. **SWOT विश्लेषण :**

इन्द्रावती गाउँपालिकाको लैससासको दृष्टिकोणवाट वलियो पक्ष कमजोर पक्ष अवसर तथा चुनौती SWOT विश्लेषण गरीएको छ । यसरी विश्लेषण गर्दा नीति कानूनमा समावेशीता, संस्थागत व्यवस्थामा समावेशीता, मानव संसाधन तथा क्षमता विकासमा समावेशीता, सेवा प्रवाहमा समावेशीता र सुशासन तथा उत्तरदायित्वमा समावेशीतामा आधारित रहेर विश्लेषण गरीएको छ । जसलाई निम्नानुसार तल प्रस्तुत गरीएको छ ।

क. **बलियो पक्ष (Strength) :**

यही विश्लेषणका आधारमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार भएको ।

१. वार्षिक कार्यक्रममा महिला तथा लक्षित विकास कार्यक्रमहरु केहि मात्रामा समावेश भएको ।
२. योजना, महिला बालवालिका पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको
३. विभिन्न क्षेत्रगत कानूनहरुको निर्माण भएको र यसले नीतिगत रुपमा लैससास लाई सम्बोधन गरेको ।
४. अपाङ्गता परिचय पत्र वितरण निर्देशिका तयार भई प्रभावकारी रुपमा कार्यान्वनय भएको ।
५. हरेक निकाय तथा समितिहरुमा महिला लक्षित वर्गको सहभागिताको सुनिश्चितता भएको छ ।
६. उपभोक्ता समितिहरुमा महिला सहभागिता अनिवार्य गरेको छ ।
७. नीति कानून कार्यविधि निर्माण गर्न सक्षम जनशक्ति उपलब्ध भएको ।
८. महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको
९. कार्यपालिकामा महिला तथा लक्षित वर्गको सहभागिता ३३ %भनदा वढी भएको ।
१०. कार्यरत कर्मचारी मध्ये ३३ % भन्दा वढी महिला कर्मचारी भएको ।
११. महिला तथा लक्षीत वर्गका लागि जिविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम संचालन गरेको ।
१२. महिला बालवालिका जेष्ठ नागरीक शाखा स्थापना र सनचालन भएको
१३. स्थानीय तहले गठन गर्ने समिति उपसमितिहरुको मुख्य पदमा महिला सहभागिता सुनिश्चित गरेको
१४. सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरुको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गरेको ।
१५. लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी कार्यान्वयन गरेको ।
१६. लक्षित वर्गको क्षमता विकासका लागि बजेट विनियोजन गरेको ।
१७. विपद व्यवस्थापन कोष परिचालनमा नीति तथा कार्यविधि निर्माण भएको
१८. स्थानीयतह भित्र हुने गरेका सामाजिक कुरीतिहरु (छुवाछुत, बालविवाह, वहुविवाह) हटाउनको लागि कार्यक्रमहरु संचालन गरेको ।
१९. महिलाका लागि कानूनी सचेतना सम्वन्धी अनुशिक्षण कार्यक्रम संचालन भएको
२०. सवै विद्यालयमा महिला पुरुष शौचालय तथा हात धुने व्यवस्था भएको ।

Scanned with OKEN Scanner

२१. निशुल्क प्रसूति सेवा, नवजात शिशु तथा सुत्केरीका लागि विशेष कार्यक्रम संचालन गरेको । गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रयोजनका लागि निशुल्क एम्वुलेन्स सेवा संचालन भएको ।
२२. भौतिक पुर्वाधारका सवै डिजाइन हरुमा लैससास मैत्री प्रावधानहरु समेट्ने गरीएको ।
२३. सवै विद्यालयमा किशोरीहरुलाई निशुल्क सेनिटरी प्याड वितरण गरेको
२४. प्रजनन स्वास्थ्य एड्स क्यान्सर र आङ खस्ने लगायतका विषयहरुमा स्वास्थ्य सचेतना कार्यक्रम संचालन भएको ।
२५. खुल्ला दिसा मुक्त पालिका घोषणा भएको ।
२६. लैङ्गिक हिंसा तथा घरेलु हिंसा पिडितहरुले न्यायिक समिति तथा मेलमिलाप केन्द्र मार्फत विना खर्च न्याय पाएको ।
२७. संघीय र प्रदेश सरकारका नीति नियम कार्यक्रमको कार्यान्वयनमा नगरपालिका सहकार्य समन्वय गरेको
२८. लक्षित वर्गको उपस्थितिमा लक्षित वर्गका आगामी योजना तथा सम्पन्न योजनका वारेमा छलफल हुने गरेको ।
२९. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता निर्माण गरी अनुशासनमा बाँधिएको
३०. बार्षिक नीति तथा कार्यक्रम छापा प्रकाशन तथा वेभसाइड मार्फत नीयमित रुपमा सार्वजानिक गरेको

**ख. कमजोर पक्ष**

१. गाउँपालिकाले लैंगिक तथा सामाजिक समावेशिकरण रणनीति निर्माण नगरेको ।
२. महिलाहरुको छूट्टै खण्डिकृत डाटा (बस्तुगत विवरण) नभएको ।
३. स्थानीय तहले योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कनलाई लैससासको पक्षवाट हेर्ने नगरेको
४. लैङ्गिक उत्तरदायी तथा समाजिक समावेसी वजेट निर्माण एवम परीक्षणलाई वजेट व्यवस्थान नभएको ।
५. दीगो विकासको लक्ष्यका लक्ष्य नं १, ५,१० र १६ लाइ तोकेर बजेट विनियोजन नगरीएको
६. कुनै नीति नियम कार्यविधि दिगदर्शन जारी गर्नुभन्दा अगाडी लैससासको दृष्टिले उपयुक्त भए नभएको वारे लेखाजोखा वा विश्लेषण नगरेको ।
७. निश्चित प्रतिशत वजेट लक्षित वर्गमा विनियोजन नगरेको
८. उपभोक्ता समितिहरुमा भएका छलफलमा लैससासका विषयमा छलफल गरेको अभिलेख नभएको
९. योजना तर्जुमा प्रकृयामा लैससासको दृष्टिकोणवाट विश्लेषण भएको अभिलेख नभएको
१०. महिला पुरुष विचको असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति नरहेको ।
११. कार्यालयमा हुनसक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको आचारसंहिता वनाएर लागू नभएको ।
१२. मानव संसाधन विकास शाखाको स्थापना नभएको ।
१३. पदाधिकारी तथा कर्मचारी लैससास सम्बन्धी जानकार भएपनि कार्यान्वयन पक्ष लैससास मैत्री नभएको ।
१४. स्थानीय तहका सवै पदाधिकारी हरुलाई कानूनको मस्यौदा तर्जुमा तथा प्रकृयाका वारेमा अभिमुखीकरण नभएको

Scanned with OKEN Scanner

१५. महिला हक र अधिकार सम्बन्धी वेइजिङ घोषणापत्रले समेटेका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा पदाधिकारीलाई अभिमुखीकरण नभएको तथा प्रतिवद्धता कार्यान्वयनका लागि बजेट विनियोजन नभएको ।

१६. लैङ्गिक हिंसा मुक्त स्थानीयतह घोषणा हुन नसकेको ।

१७. कर्मचारीहरुलाई पछिल्लो समय निर्माण भएका कानून कार्यविधि हरुका वारेमा नियमित अभिमुखीकरण हुन नसकेको ।

१८. सार्वजानिक स्थल तथा कार्यालयहरुमा स्तनपान गृह नभएको ।

१९. गर्भवती महिलालाई जोखीम तथा खतरा युक्त काममा नलगाउने नीति तयार नभएको ।

२०. भौतिक पूर्वाधारका ड्इङ डिजाइनहरु लैससासमैत्री भएपनि सो अनुसार निर्माण नभएको ।

२१. यौनिक तथा लैङ्गिक अल्प संख्यकका लागि बजेट विनियोजना तथा शौचालयहरुमा विशेष व्यवस्था नभएको ।

२२. लैससास सम्बन्धी सरोकारवाला निकाय विच समन्वय तथा सहकार्यकालागि संयन्त्र निर्माण नभएको साथै अनुशिक्षण नभएको ।

२३. योजना तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्दा लैससासका दृष्टिकोणका आधारमा नभएको

२४. सामाजिक संजालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सुचना, समाचार तथा सन्देशमुलक विषय वस्तु आदि प्रकाशन नभएको ।

## ग. अवसर

१. विभिन्न जातजाती, समुदाय बीच सामाजिक र स्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागू गर्ने उपयुक्त सामाजिक वातारण रहेको ।

२. आवश्यक पर्ने कानून नीति नीयम बनाउन सक्ने दक्ष जनशक्ति स्थानीय तहमा उपलव्ध हुनु ।

३. विभिन्न गैहसरकारी संघसंस्थाको कार्यक्षेत्रको रुपमा स्थानीय तह हुनु ।

४. युवा कर्मचारीको वाहुल्यता रहेकोमा युवा जोस र जाँगरलाई पालिकाको सर्वाङ्गिण हितमा प्रयोग गर्न सकिने ।

५. महिला तथा लक्षित वर्गका विभिन्न समूहरु क्रियशिल हुनु ।

६. संघीय सरकार तथा प्रदेश सरकार संग प्रत्यक्ष पहुँच राख्ने जनप्रतिनिधिहरु हुनु । ( आवश्यकीय योजना र बजेट माग गर्नका लागि पहुँच पुग्छ)

७. जनप्रतिनिधिहरु तथा कर्मचारीहरु लैससास सहिति अन्य विभिन्न विषयको श्रोत व्यक्ति हुनु (क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न सकिने) ।

८. अंग्रेजी माध्यमवाट पठनपाठन हुने सरकारी विद्यालयहरु हुनु । (शैक्षिक तथा अन्य कार्यक्रमहरु समावेश गरी सरकारी विद्यालयमा विद्यार्थीहरुको आकर्षण वढाउन सकिने जहाँ किसान गरीब तथा मजदुरका छोराछोरी पठनपाठन गर्छन) ।

९. सुफत मूल्यका सहकारी पसलहरु स्थापना संचालनमा हनु (महिला तथा लक्षित वर्गलाई प्रत्यक्ष राहात दिन सकिने) ।

१०. कृषि तथा नैतिक शिक्षा जस्ता व्यवाहारिक विषयहरु विद्यालयमा पठनपाठन हुनु ।

११. आवशयक सवै शाखामा पर्याप्त जनशक्ति हुनु ।

१२. अन्तराष्ट्रिय सन्धी संम्झौता तथा प्रतिवद्धताहरु लाई स्थानीयकरण गर्न गैससले प्राविधिक सहयोग पुऱ्याउनु ।

Scanned with OKEN Scanner

१३. अनुगमन मूल्याङ्कनमा लैससास सम्बन्धी सूचकहरु पहिचान समावेश गर्नका लागि आवश्यक काम हुनु ।

१४. अन्तराष्ट्रिय प्रतिवद्धता तथा महासन्धीहरुका वारेमा जनप्रतिनिधिहरु जानकार हुनु ।

## घ. चुनौतीहरु

१. छुवाछूत, लैङ्गिक विभेद, पुनर्गोह जस्ता परम्परागत कुरांस्कार र गलत मान्यता विरुद्धका नीति नियम कार्यविधि कार्यान्वयनमा व्यवहारिक जटीलता ।

२. मागमा आधारित अत्याधिक योजनाहरु कार्यान्वनय गर्न र प्राथमिकिकरण नीति वनाउन कठिन

३. संघीयता कार्यान्वयनमा स्थानीय तहलाई छूटै सरकारको मान्यता पाउन नै कठीन । (संघ सरकारले पर्याप्त सहयोग नगरेको) ।

४. गरीबी पहिचानका आर्थिक सामाजिक आधारहरु ठाउँ अनुसार फरक फरक पर्ने भएकोले गरीवी मापनका सुचकहरु निर्माण गर्न कठीन भएको ।

५. विशेषगरी महिलाद्वारा सम्पादित घरभित्रको विना पारिश्रमिक को कामको मूल्याङ्कन गर्न व्यवहारिक कठीनाई ।

६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी निर्माण भएका ऐन नीयम कानून कार्यविधि कार्यान्वन गर्न व्यवहारिक कठीनाई ।

७. समाजमा जरा गाडेर वसेको सामाजिक कुरीतिहरु (जातीगत छूवाछूत, बोक्सीको आरोप लागाउने घरेलु हिंसा) को अन्त्यका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरी सामाजिक रुपान्तरण गर्न व्यवहारिक कठीनाई ।

८. मोवाइलको दुरुपयोग र बालबालिकाले सानै उमेरमानै व्यापक प्रयोगले बालविवाह अवैध तथा सानो उमेरमा वच्चा जन्माउने तथा परिपक्व उमेरमा पुग्दा सम्वन्ध विच्छेद हुने जस्ता चुनौती वढ्दै गाएको ।

९. संघीयताको अभ्यासको चरण भएका कारण नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कठीन ।

१०. कृषिप्रति युवा लाई आकर्षित गर्न र जीविकोपार्जनको प्रमुख आधारको रुपमा कृषिलाई स्थापित गर्न असज भएको किनकि युवा सबै विदेश पलायनतिर उन्मुख हुनु ।

११. सामाजिक सञ्जाल मार्फत हुनेगरेका र हुनसक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्थापन गर्न ।

१२. दुर्व्यसनीमा युवाहरुको संलग्नता बढ्दै जानु ।

१३. कानुनी ज्ञान,आवश्यक नीति नियम आदिको अभावले मेलमिलाप केन्द्रहरु प्रभाकारीरुपमा कार्यान्वयन गर्न ।

Scanned with OKEN Scanner

## २.२. सरोकारवाला पहिचान :

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति कार्यान्वयनको कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरीएको छ । जसमा सिधा संपर्क हुने । दोश्रो माध्यमवाट संम्पर्क हुने र अप्रत्यक्ष रुपमा संपर्क हुने गरी निम्नानुसार ३ भागमा विभाजन गरीएको छ ।

| (पहिलो नं का सरोकारवालाहरु ) | दोश्रो माध्यमवाट संपर्क हुने (दोश्रो नं का सरोकारवालाहरु ) | अप्रत्यक्ष संपर्क हुने हरु (तेश्रो नं का सरोकारवालाहरु |
|---|---|---|
| महिलावालवालिका तथा ज्येष्ठ | विकास साभेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको |
| नगारिक शाखा | सहकारी संस्थाहरु | कार्यालय वागमती प्रदेश |
| योजना शाखा | उपभोक्ता समूह | प्रदेश मन्त्रालयहरु सवै |
| शिक्षा शाखा | वैक तथा वित्तीय संस्थाहरु | प्रदेश योजना आयोग |
| स्वास्थ्य शाखा | उद्योगहरु | प्रदेश सुशासन केन्द्र |
| सहकारी शाखा | वालक्लवहरु | भूमी व्यवस्था आयोग |
| खानेपानी तथा सरसफाइ शाखा | आमा समूहहरु | संघीय मन्त्रालयहरु |
| युवा तथा खेलकुद शाखा | ज्येष्ठ नगारिक मिलन केन्द्रहरु | महिला आयोग |
| प्रशासन शाखा | विद्यालयहरु | दलित आयोग |
| सवै वडा कार्यालयहरु | गैह्रसरकारी संस्थाहरु | मुस्लीम आयोग |
| गाउँ / नगर कार्यपालिका | स्वयम सेवक समूहहरु | राष्ट्रिय योजना आयोग |
| गाउँ / नगर सभा | उद्योग वाणिज्य संघ | मानव अधिकार आयोग |
| न्यायिक समिति | राजनैतिक दलहरु | अन्तराष्ट्रिय दातृ निकायहरु |
| विषयगत समितिहरु सवै | संचार माध्यमहरु | राष्ट्रिय स्तरका संचार माध्यमहरु |

## २.३. लक्षित वर्ग पहिचान :

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष नै लक्षित वर्गलाई विकासको मूलप्रवाहमा ल्याउनु हो त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरीएकोछ ।

१. महिला एकल महिला

२. वालवालिका

३. विपन्न वर्ग

४. लैङ्गिक तथा यौनिक अल्पसंख्यक

५. ज्येष्ठ नागारिक

६. आदिवासी जनजाती

७. मुस्लीम

८. सुकुम्वासी

९. सडक वालवालिका, महिलाहरु

Scanned with OKEN Scanner

१०. अल्पसंख्यक/ लोपोन्मुखकमैया

११. किसान

१२. मधेसी

१३. अपाङ्गता भएका व्यक्ति

१४. मजदुर

१५. द्वन्द्वपिडित

१६. पिछडिएको क्षेत्र र समुदाय

## ३. दीर्घकालिन सोच (Vision)

"लैङ्गिक, जातीय र क्षेत्रीय भेदभावमुक्त लैङ्गिकमैत्री, समाबेशी, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने"

## ४. ध्येय (Mission)

लैससास सम्वन्धित समाजमा विद्यमान मुल्य, मान्यता, संस्कार र व्यवहारमा परिवर्तन ल्याउने र सार्वजानिक जीवनमा जात, वर्ग र क्षेत्र लिंगका आधारमा हुने गरेको विभेदको अन्त्य गर्ने ।

## ५. लक्ष (Goal)

न्यायोचित तथा समतामुलक विकासको माद्यमवाट वहिस्करणमा परेको वर्गलाई मुलप्रवाहमा ल्याउने ।

## ६. उदेश्य (Objectives)

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको मान्यता अनुरुप स्थानीय तहले गर्ने सम्पूर्ण विकासका तथा प्रशासनिक कामलाई लैससास प्रति उत्तरदायी वनाउनु नै हो । यस रणनीतिका उदेश्यहरु निम्नानुसार रहेका छन:

१. लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक उत्तरदायी शासन पद्धती अवलम्वन गर्ने ।

२. श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने ।

३. लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूलप्रवाहिकरण गर्ने ।

४. नीति कानूनमानै महिला तथा लक्षित वर्गको समावेशीता सुनिश्चित गरी आवाज सशक्तीकरण गर्ने ।

Scanned with OKEN Scanner

५. मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउने ।

६. अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने ।

७. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाईसंग सम्बन्धीत सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने ।

## ७. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy)

माथि उल्लेखित उदेश्यहरु परिपुर्तीको लागि निम्नानुसार नीतिहरु अवलम्वन गरीनेछ ।

- वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, कृषि वन तथा भूमीसुधार, गरीबी निवारण, स्थानीय विकाश तथा शान्ती एवम सुशासन संग सम्बन्धीत सवै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने ।
- हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरी त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।
- महिला तथा बालबालिका संग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संम्झौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पूरा गर्दै लैजाने ।
- पालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु महिल,ा बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, ज्येष्ठनागरीक, दलित, लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।
- लैससास वारे संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यबिधि, साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने ।
- लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा ज्येष्ठनगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।
- वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरी महिला पुरुष समविकासलाई वढावा दिने ।
- लक्षित वर्ग पहिचान हुने गरी खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरी त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।
- बालबालिका तथा अपाङ्ग एवम ज्येष्ठ नागरीकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने ।
- मानव संसाधन विकास शाखा स्थापाना गरी महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।

Scanned with OKEN Scanner

- निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरुका वारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने ।
- सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने ।
- शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## ८. लैससास रणनीति (GESI Strategy)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लगि तपशिलमा उल्लेखित रणनीतिहरु अवलम्वन गरीनेछः

### ८.१ मूल प्रवाहिकरण

- महिला, गरीब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरी नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवसर , सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल, समस्याको सम्बोधन गरी विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।
- लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि, कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माद्यमवाट लैङगिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

### ८.२ समावेशीकरण

विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धीत सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

### ८.३ स्थानीयकरण

अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हाँसिल गर्ने ।

### ८.४ सशक्तिकरण

- लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रमबजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकता संगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाउने ।
- स्वरोजगार रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माद्यमवाट महिला तथा वञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गर्ने ।

- कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माद्यमवाट विपन्न तथा वञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गर्ने ।

## ८.५ सचेतीकरण

- लैङ्गिक समानता तथा समाजिक समावेशीकरण वारे संविधान, ऐन कानून नीति कार्यविधि दिग्दर्शन का प्रावधान कार्य प्रणाली र समावेशीताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरी कार्यान्वयन तथा परीणाममा एकरुपता ल्याउने ।
- समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने ।

## ८.६ संस्थागत संरचना

संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका दृष्टिकोणले वञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने ।

## ८.७ समन्वय

- विभिन्न शाखाहरु वीच आन्तरिक समन्वय गरी योजना तर्जूमा, बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व परिचालन, अनुगमन र मूल्याङ्कन लाई लैससासमैत्री वनाउदै लैजाने ।
- प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरी लैससासमैत्री नीति निर्माण, योजना तर्जूमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

## ८.८ सहकार्य

क. लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका लागि पालिकाभित्र विभिन्न शाखा हरु तथा अन्य विकास साझेदारहरु (बैक वित्तीय संस्था सहकारी उद्योग वाणिज्य संघ घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) वीच सहकार्य गर्ने ।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरु संग लैससास मैत्री साझा प्रतिफल हासील गर्न सहकार्य गर्ने ।

Scanned with OKEN Scanner

### ८.९ सहजीकरण

- बहिस्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जुमा देखि अनुगमन मूल्याङ्कन सम्म हरेक चरणमा वस्ती तथा समुदाय स्तरमा नै सहजिकरण गर्ने संयन्त्र विकास गरी परिचालान गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण को क्षेत्रमा काम गर्ने सरकारी गैह्रसरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजिकरण गर्ने ।

### ८.१० सामाजिक सुरक्षा

- नागरीक जो आफै आफूलाई संरक्षण गर्न सक्दैन त्यस्ता नगारिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्नेछ। विशेष गरी बालबालिका, ज्येष्ठ नागरीक,अपाङ्गता भएका व्यक्तिहरु तथा एकल महिलाहरु यस अन्तरगत पर्दछन भने ती वर्गको संरक्षण स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।
- सामजिक सुरक्षा अन्तरगत अल्प संख्यक, सिमान्तकृत, लोपउन्मुख जातजातीहरु, दलित, मुस्लीम लगायत पर्दछन र ती वर्गको सुरक्षा स्वाथ्य शिक्षा तथा जीविकोपार्जन मा सहयोग गर्दै लैजाने ।

### ८.११ अनुगमन मूल्याङ्कन

प्रत्येक चरणमा गरीने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने । | हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरी त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने । | विकासका अवसरबाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धीत सवै कृयाकलापहरुमा | | १.लक्षित वर्गको वस्तुगत खण्डिकृत विवरण वार्षिक रुपमा अध्यावधिक भएको हुनेछ ।<br>२.कानून कार्यविधिका वारेमा सेवा प्रदायक तथा सेवा ग्राहीहरु लाई अभिमुखीकरण भएको हुनेछ ।<br>३. लक्षित वर्गको जीविकोपार्जन हुने गरी निर्दिष्ट बजेट विनियोजन भएको हुनेछ ।<br>४.उपभोक्ता समिति, कार्यदल हरुमा कम्तिमा ४०% लक्षित वर्गको सहभागिता भएको हुनेछ<br>५.लक्षित वर्गको लागि लोकसेवा पुर्वतयारी कक्षा शिक्षा सेवा आयोग सम्बन्धी कक्षा हरु संचालन गर्ने रणनैतिक आवश्यकता )<br>१.दीगो विकास लक्ष, महिला माथि हुने सवै प्रकारका विभेद विरुद्धको वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी सम्बन्धी अभिमुखीकरण भएको हुनेछ ।<br>२.अन्तराष्ट्रिय सन्धि संझौताको स्थानीयकरण भएको हुनेछ । | ४.कार्यपालिका तथा सभाका निर्णयहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | लैससास सम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संभ्फौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने । | महिला तथा वालवालिका संग सम्वन्धीत सवै अन्तराष्ट्रिय सन्धि संभ्फौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु प”रा गर्दै लैजाने | अन्तराष्ट्रिय सन्धि संभ्फौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी लागू गर्ने । | १.दीगो विकास लक्ष का १७ वटा लक्षहरुका स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारिहरु लाई क्षमता विकास गरी परिचालन गर्ने<br>२.वेइजिङ सम्मेलन गरेका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई अभिमुखीकरण गरी कार्यान्वयनका लागि योजना तर्जुमा गर्ने<br>३.संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० तथा संयुक्त राष्ट्रसङ्घीय वाल अधिकार महासन्धी, १९८९ वारेमा कर्मचारी तथा जनप्रतिनिधिलाई अभिमुखीकरण गरी कार्यान्वयनमा ल्याउने।<br>४. उल्लेखित सवै अभिमुखी करण पश्चात स्थानीयकरण गरी लागु गर्ने<br>५. स्थानीयकरण पश्चात वार्षिक कार्यक्रममा बजेट विनियोजन तथा कार्यान्वयन गर्ने । | १.दीगो विकास लक्ष, महिला माथि हुने सवै प्रकारका विभेद विरुद्धको वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय वाल अधिकार महासन्धी सम्वन्धी अभिमुखीकरण भएको हुनेछ ।<br>२.अन्तराष्ट्रिय सन्धि संभ्फौताको स्थानीयकरण भएको हुनेछ ।<br>३.स्थानीयकरण भएका संन्धि संभ्फौता कार्यान्वयन गर्न बजेट विनियोजन भएको हुनेछ । | १.अन्तराष्ट्रिय सन्धि संभ्फौता अभिमुखीकरणको उपस्थिति तथा माइन्युट ।<br>२.वार्षिक नीति कार्यक्रम तथा बजेट<br>३.कार्यान्वयन लागि वनेका कार्यविधिहरु<br>४.कार्यपालिका तथा सभाका निर्णयहरु । |

Scanned with OKEN Scanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | नीति कानून मा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गर्ने । | पालिकाले निर्माण गरेका सबै कानून,नीति नियम, निर्देशिका कार्यविधि महिला,बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, ज्येष्ठनागरीक,दलित,लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री बनाउदै लैजाने । | संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले वञ्चितिकरणमा परेका समुदायको सहभागिता सुनिश्चित गर्ने । | १.लैसमास सम्बन्धी संघीय तथा प्रादेशिक कानूनले व्यवस्था गरे अनुरुपका संस्थागत संरचनाहरु निर्माण गर्ने ।<br>२.कानून कार्यविधिहरु निर्माण गर्दा लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गर्ने ।<br>३.महिला पुरुष तथा रैथाने र आप्रवासी कामदारहरु बिच हुने विभेद अन्त्यका लागि आवश्यक कानूनी व्यवस्था गर्ने<br>४.योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यवहारिक र रणनीतिक आवश्यकता परिपूर्ति गर्ने गरी गर्ने ।<br>५.विगतमा बनेका कानून कार्यविधिहरु लैङ्गिक समानता तथा सामाजिक समावेशी करणका दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरी आवश्यक संसोधन गर्ने ।<br>६. कानून कार्यविधिमा तथा विकास प्रकृयामा यौनिक तथा लैङ्गिक अल्पसंख्यक हरुका विषयहरुलाई समावेश गर्ने । | १.कानून कार्यविधिले निर्दिष्ट गरेका संस्थागत संरचनाहरु निर्माण भएका हुनेछन ।<br>२.नयाँ बन्ने सबै कानून कार्यविधिहरु लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरीएको हुनेछ ।<br>३.महिला पुरुष तथा रैथाने र आप्रवासी कामदारहरु बिच हुने विभेद अन्त्यका लागि नीति तयार भएको हुनेछ ।<br>४.विगतमा बनेका कार्यविधिहरु आवश्यता अनुसार संसोधन भएका हुनेछन ।<br>५.कानून कार्यविधि तथा विकास कृयाकलापमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु समावेश भएका हुनेछन । | १.वार्षिक नीति कार्यक्रम र बजेट पुस्तिका<br>२.कानून विश्लेषणका लागि कार्यदल गठन भएको कार्यपालिकाको बैठक निर्णय पुस्तिका<br>३.यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि बनेका शौचालयहरु तथा अन्य संरचनाहरुको स्थलगत अवलोकन । |

Scanned with OKEN Scanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने | १.लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठनगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।<br>२.वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरी महिला पुरुष समविकासलाई वढावा दिने ।<br>३. लक्षित वर्ग पहिचान हुने गरी खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरी त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्बन गर्ने । | क. महिला, गरीब र बहिष्करणमा परेका समुदाय ले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरी नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवसर , सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरी विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।<br>ख.विभिन्न शाखाहरु वीच आन्तरिक समन्वय गरी योजना तर्जुमा, बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कन लाई लैसशास मैत्री बनाउदै लैजाने । | १. संस्थागत जिम्मेवारी दिदा तथा शाखा व्यवस्थापन गर्दा प्रमूखको रुपमा महिला लाई प्राथमिकता दिने ।<br>२.लक्षित वर्गकोलागि महिला जनजाती तथा जेष्ठ नागरीक जनप्रतिनिधि समावेस गरी विशेष सेवा प्रदायक कार्यदल गठन गर्ने ।<br>३.महिला पुरुष समविकास कार्यनीति निर्माण गरी कार्यान्वयन गर्ने<br>४.कार्यक्षेत्रमा हुने यौन दुर्व्यवहार , जातीय भेदभाव तथा महिला हिंसाका नियन्त्रण गर्न विशेष आचार संहिता निर्माण गरी लागु गर्ने<br>५.आदिवासी जनजाती दलित लगायत अन्य लक्षित समूहका महिलाको सशक्ति करणका लागि वजेट विनियोजन गर्ने साथै कार्यान्वयनका लागि आवश्यक कार्यविधि बनाउने<br>६. महिला बालबालिका शाखामा लैङ्गिक डेक्स र आवश्यक जनशक्ति [illegible] | १. शाखा प्रमुखमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व भएको हुनेछ ।<br>२.लक्षित वर्गकोलागि विशेष सेवा प्रदायक कार्यदल गठन भएको हुनेछ<br>३.महिला पुरुष समविकास कार्यनीति तयार भएको हुनेछ<br>४.यौन दुर्व्यवहार जातीय भेदभाव तथा महिला हिंसा नियन्त्रण गर्न आचार संहिता निर्माण भएको हुनेछ ।<br>५.महिला बालबालिका शाखामा जनशक्ति सहित लैङ्गिक डेस्क स्थापना भएको हुनेछ<br>६.लैसशास सम्बन्धी सचेतना मुलक ब्रसर तथा रेडियो टेलिभिजन कार्यक्रम संचालन भएको हुनेछ | १.कार्यपालिकाका निर्णय पुस्तिका<br>२.विशेष सेवाप्रदायक कार्यदलको बैठकको निर्णय प्रतिलिपि<br>३.महिला पुरुष समविकास कार्यनीति<br>४.महिला बालबालिका शाखाको प्रत्यक्ष अवलोकन<br>५.ब्रोसर रेडियो टेलिभिजन कार्यक्रमका अडियो भिडियो समाग्रिहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सचेतनामूल सामाग्रीहरु तयारी तथा प्रकाशन प्रशारण गर्ने । | | |
| ६. | मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर बनाउदै लैजाने । | १.मानव संसाधन विकास शाखा स्थापाना गरी महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने । | लक्षित वर्गको क्षमता अभिवृद्धि संगै सीप विकास गरेर आर्थिक गतिविधिहरुमा समावेश गरेर आत्मनिर्भर बनाउने | १.लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने<br>२.लैससास बजेट खर्च कार्यविधि तयार गर्ने<br>३.पालिकाले आयोजना गर्ने प्रत्येक तालीममा लैङ्गिक समानता सामाजिक समावेशी करण बिषयलाई अकाट्य सवाल को रुपमा राख्ने नीति बनाउने ।<br>४.मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने ।<br>५.लैङ्गिक हिंसा निवारण कार्य विधि बनाउने । | १.वार्षिक बजेटमा लैससास क्षमता विकासका लागि बजेट विनियोजन भएको हुनेछ ।<br>२.मानव संसाधन तथा क्षमता विकास शाखाको स्थापना भएको हुनेछ ।<br>३.लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ । | १.वार्षिक नीति कार्यक्रम तथा बजेट<br>२. लैङ्गिक हिंसा निवारण कार्यविधि<br>३.कार्यस्थलमा महिला तथा किशोरी माथि हुने दुर्व्यवहारमा विरुद्ध निर्णय भएका माइन्यूटहरु<br>४.प्रत्यक्ष अवलोकन । |

Scanned with OKEN Scanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | अनौपचारिक मूल्य मान्यता कु-संस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने | सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने । | माजमा विधमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल ( Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने । | १.लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता लिइ यसमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई पुरस्कार तथा दण्डको व्यववस्था गर्ने ।<br>२.हिंसा प्रभावित बेचविखनमा परेका महिला तथा यौनिक र लैङ्गिक अल्पसख्यकहरुका लागि सेवा केन्द्र स्थापना गर्ने<br>३.सचेतनामुलक कार्यक्रमलाई रेडियो टि.भी. पत्रपत्रिका मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने<br>४.लैङ्गिक हिंसा निवारण आचारसंहिता निर्माण गरी त्यसको पालना गर्ने ।<br>५.अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने ।<br>६.सबै वडामा महिला कानूनी सचेतना कक्षाहरु संचालन गर्ने<br>७.सामाजिक कुरीति विरुद्ध भिडियोहरु वनाउने सडक नाटक प्रस्तुत गर्ने । | १. सामाजिक कुरीति हरुका विरुद्ध श्रृव्य, दृष्य सामाग्री निर्माण भएको हुनेछ<br>२.हिंसा प्रभावित महिला तथा यौनिक अल्पसंख्यकहरुका लागि सेवाकेन्द्र स्थापना भएको हुनेछ<br>३.अन्तरजातीय विवाह गर्ने जोडीहरु सम्मानित भएका हुनेछन ।<br>४.वडास्तरमा महिला हिंसा विरुद्ध निर्माण भएका सचेतना कार्यक्रम संचालन भएको हुनेछन । | १.वार्षिक बजेट तथा नीति कार्यक्रम<br>२.श्रृव्य दृष्य सामाग्रीहरु<br>३.सामाजिक संजाल मा गरीएका पोष्टहरु<br>४.अन्तरजातीय विवाह गर्ने जोडी सम्मान कार्यक्रमको अभिलेख<br>५.प्रत्यक्ष अवलोकन (सेवा केन्द्र) गर्ने । |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइ संग सम्वन्धीत सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने । | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइ जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससाससंग सम्वन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने । | प्रत्येक चरणमा गरीने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने । | १. आफ्नै घरवाट नीराक्षर महिलाहरुलाई साक्षार वनाउने कार्यक्रम संचालन गर्ने ।<br>२.शिक्षण अभ्यास संगै निश्चित निराक्षरलाई साक्षार वनाउने शैक्षिक नीति अवलम्वन गर्ने ।<br>३.यौनिक अल्पसंख्यकहरुका लागि विद्यालयमा शौचालय वैकल्पिक व्यावस्थापन गर्ने र अव वन्ने शौचालयमा सवैलाइ पुग्ने गरी निर्माण गर्ने<br>४.स्वरोजगार वन्न चहाने र वैदेशिक रोजगारीमा जान खोज्नेको सुचना संकलन गरी आवश्यक तालीम प्रदान गर्ने ।<br>आवश्यकता अनुसार बजेट विनियोजन गर्ने<br>५.आवश्यक बजेट विनियोजन गरी विपन्न परिवार स्वास्थ्य वीमा कार्यक्रम सुरु गर्ने<br>६.अव उप्रान्त वन्ने सवै सार्वजानिक भवनहरुमा स्तनपान कक्ष सहित डुइङ डिजाइन गर्ने र कार्यान्वयन गर्ने<br>७.जोखिमयूक्त काम गरेर जीवन निर्वाह गर्नु पर्ने गर्भवती महिलाहरुको लागि राहत प्याकेज ल्याउने | १.संभावना रहेका सवै निराक्षरहरु साक्षार भएका हुनेछन<br>२.यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा वैकल्पि शौचालयको व्यवस्था भएको हुनेछ ।<br>३.वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार वन्न चाहाने युवाहरुका लागि सीप विकास तालीम संचालन भएको हुनेछ | १.वार्षिक प्रगती प्रतिवेदन<br>२.तालीम सम्पन्न प्रतिवेदन<br>३.कार्यपालिका निर्णयहरु<br>४.सभाका निर्णयहरु<br>५.अनुगमन मुल्याङ्न फारमहरु |

## १० वित्त व्यवस्थापन

माथि उल्लेखित रणनैतिक कृयाकलापहरु संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ नै तथापी यसमा अतिरिक्त बाह्य श्रोत प्राप्त भएमा मात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुल प्रवाहीकरणको कार्य गर्ने नत्र नगर्ने हुन सक्दैन । यसका लागि हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुलाई कसरी लैससासमैत्री बनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ । लैससास मुल प्रवाहीकरणका लागि आवश्यकतानुसार वित्त व्यवस्थापन गरीनेछ:

- लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट बजेट विनियोजन गर्ने ।
- भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरी योग्यता अनुसारको काम सबै लक्षित वर्गले गर्न पाउने गरी नीतिगत व्यवस्था गर्ने ।
- लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन गरी महिला सहभागिता अभिवृद्धि गर्ने ।
- स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने
- स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलब्ध गराइ वित्तीय सहयोग पुर्याउन बैक तथा वित्तीय संघ संस्थाहरु संग समन्वय गर्ने
- संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेट ले तय गरेका विषयगत क्षेत्रहरुमा अद्ययन गरी आवश्य परियोजना प्रस्तावना तयार गरेर अधितकतम श्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्न
- सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने ।

## ११. कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन गर्नु पर्दछ । यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि पालिकाले ६ महिना भित्रमा तर्जुमा गरी कार्ययोजनाका साथ कार्यान्वयनमा लैजाने छ ।

## १२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व :

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ (लैससास परिक्षण दिग्दर्शन २०७८ ले व्यवस्था गरेको) भने सबै शाखा तथा वडा कार्यालयहरुले सबै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ । योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका प्रमुख एवम उपप्रमुख/ उपाध्यक्षको हुनेछ भने आवश्यकत अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण

Scanned with OKEN Scanner

रणनीति कार्यान्वयनमा छूटेका विषयहरु पहिचान गर्न सकिनेछ । यो स्थानीय तहमा कार्यरत सबै संस्था तथा विकास साझेदारहरुले लैससास रणनीति, कार्यान्वयनमा जिम्मेवारी वहन गर्नुपर्नेछ ।

**रणनीति कार्यान्वयन अनुगमन सम्वन्धी व्यवस्था**

- रणनीति कार्यान्वयनको सम्वन्ध भनेको मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण रहन्छ । लैससास परीक्षण दिगदर्शनले निर्दिष्ट गरेका १०० सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरीनेछ ।
- स्थानीय तह भित्र कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससास को दृष्टिकोणले समेत गरेर प्राप्त उपलब्धी र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्वन गर्ने ।
- स्थानीय तहमा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास महाशाखा अन्तर्गत  लैससास अनुगमन संयन्त्रको स्थापना गर्ने ।जसले रणनीतिमा उल्लेख गरीएका कृयाकलापहरु पालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्वन्धीत पक्षलाई सुझाव प्रदान गर्ने । वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वन कसरी भइरहेको छ सो को समेत अनुगमन गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रतिवेदन पेश गर्ने ।

## ४. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु

### ४.१ संभाव्य जोखीमहरु:

- पितृसत्तात्मक सोच हावी रहेको सर्न्दर्भमा लैङ्गकि समानता रणनीतिले महिला तथा बालिकालाई मात्र  प्राथमिकतामा राख्छ भन्ने भ्रमपुर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ ।
- सार्वजनिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गकि समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्छ ।
- लैससास वहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समास्या हुनसक्छ ।
- लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सिमितता हुनसक्छ ।
- विषयगत शाखा तथा अन्य सरोकारवालाहरु विच लैससास रणनीति कार्यान्वयन अन्यौल विविधता तथा दोहोरोपना हुनसक्छ ।

### ४.२ जोखीम न्यूनीकरणका उपायहरु:

लैंगिक समानता तथा सामाजिक समावेशीकरण  सम्वन्धि नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम,गोष्ठी तथा छलफलको आयोजना गर्ने । बहुपक्षीय सरोकारवालाहरु संगको समन्वय तथा सहकार्य बढाउने । स्थानीय तहका हरेक वैठकमा लैंगिक

Scanned with OKEN Scanner

समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरुको समिक्षा गर्ने, विषय विज्ञहरुसंग नियमित परामर्श गर्ने र आबस्यक नीति, नियम तथा निर्देशिकाहरु निर्माण गरी कार्यान्यन गर्ने ।

**निश्कर्ष:**

समाजमा विद्यमान लैङ्गिक विभेद तथा जातीय असमानता, विभेदयुक्त गलत सामाजिक व्यवहार र मुल्य मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरीवी आदि जस्ता विसंगतिहरूलाई निरुत्साहित गर्न तथा नेपाल सरकारद्धारा निर्माण गरी जारी गरीएका राष्ट्रिय नीति तथा कानुनहरू र लैगिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त गरीएका विभिन्न अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूलाई स्थानीय तहदेखि नै कार्यान्वयन गर्न इन्द्रावती गाउँपालिका प्रतिवद्ध रहेको छ ।

Scanned with OKEN Scanner